सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

नेपाल सरकार
अर्थ मन्त्रालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८

कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

मिति २०८२।०९।१६

## प्रेस विज्ञप्ति

### समझदारी अद्यावधिक गरिएको र रोक्का सम्पत्ति हस्तान्तरण सम्बन्धमा

सम्पत्ति शुद्धीकरण निवारण प्रणाली प्रभावकारी बनाउन सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागबीच २०८१ साल कार्तिक २१ मा भएको समझदारीलाई अद्यावधिक गरी कार्यान्वयनमा थप प्रभावकारी बनाउने उद्देश्यले आज मिति २०८२ साल पुस १६ मा परिमार्जित समझदारी गरिएको छ। यसै समझदारी अनुसार *सम्पत्ति शुद्धीकरण (मनी लन्डरिङ्ग) निवारण ऐन, २०६४* र *कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७०* लगायतका कानूनी प्रावधान बमोजिम दुवै निकायले आपसमा कार्यात्मक सहयोग र समन्वय अभिवृद्धि गर्दै आपसी जिम्मेवारी निर्वाह गर्ने विश्वास लिइएको छ ।

*सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग*बाट अनुसन्धानका क्रममा बरामद भएका, रोक्का राखिएका वा नियन्त्रणमा लिएका सम्पत्ति तथा साधनहरू यथाशीघ्र *कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग*लाई उपलब्ध गराउने र ती सम्पत्ति तथा साधनहरू अदालतको आदेश/फैसला तथा प्रचलित कानुन अनुसार कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले व्यवस्थापन गर्नेछ ।

यस क्रममा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट हालसम्म अनुसन्धानको क्रममा बरामद भएको, रोक्का तथा धरौटी राखिएको गरी रू. चौबिस करोड सन्तानब्बे लाख छयालिस हजार चौध रुपैया त्रिहत्तर पैसा कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागको धरौटी खातामा जम्मा गर्ने निर्णय गरिएको छ । उक्त रकमहरुको अभिलेख दुवै विभागमा अद्यावधिक गरी राख्ने व्यवस्था समेत गरिएको छ ।

यस समझदारीले दुवै विभाग र सम्बद्ध निकायहरुबीचको कार्यात्मक सहयोग र समन्वय अझ सुदृढ भई कानून कार्यान्वयन क्षमतामा सुधार आइ कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनमार्फत् आगामी दिनमा सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको अन्तर्राष्ट्रिय मापदण्ड कार्यान्वयनमा समेत थप प्रभावकारिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

Scanned with CamScanner